बालबालिकाका लागि बाइबल
को प्रस्तुती

# धनी मानिस र लाजरस



लेखन: Edward Hughes

चित्र: M. Maillot; Lazarus

संयोजन: M. Maillot; Sarah S.

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2017 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।

येषूलाई थाह थियो कि धेरै धर्म गुरूहरू परमेष्वरको प्रेमलाई भन्दा धनलाई माया गर्थे। ती दुइ मानिसलाई के भयो अनि किन परमेष्वर बिना धनी हुनु व्यर्थ छ सो उहाँले तिनीहरूलाई भन्नुभयो। धनीले स्वर्गको जीवन किन्न सक्तैन।



एउटा धनी मानिस थियो जसको वस्त्र सुन्दर थियो अनि धेरै मूल्य लागेका थिए। उनले राजाझैं ती पहिरिएका थिए।



ती धनी मानिसले असल खाने कुरा खान्थे अनि हरेक खाना ठूलो भोजझैं हुन्थ्यो। उनकोमा धेरै पैसा थिए अनि उनले जहिले अनि जे पनि खान-पिन गर्न सक्थ्यो।



अनि ती धनी मानिसको ढोकामा एकजना लाजरस जो गरीब, घावैघाउ भएको माग्नेलाई राखिदिन्थे।





गरीब लाजरस पूरा दु:खीत थिए। उनकोमा विमारीहरू थिए। अरूबाट पाएका चोट अनि घाउहरू तिनकोमा थियो। हुनसक्छ, तिनी दु:खीत थिए किनकि तिनकोमा असल खाने कुरा थिएन्।

लाजरस
खानाको
खोजीमा।
राजाको
टेबलबाट
झरेका टुक्रा
खाएर
लाजरस धेरै
खुषी हुन्थे।



कुकुरहरू आए त्यसका घाँउहरू चाट्तथिए। तिनीहरू तिनको वरिपरि सुंघेर घुम्दथे अनि तिनको घाउ चाट्तथे। कसैले पनि लाजरस भोकाएको छ भनी वास्ता गर्दैन थिए।



एकदिन लाजरस उठेनन् अनि ती भोकाएको, मित्रबिहिन माग्ने मरे। लाजरस मरेको थियो।



लाजरस मरेको क्षण उनको लागि आनन्दको थियो। येषूले स्वर्गदूतहरूलाई लाजरसलाई ल्याएर अब्राहामसंग राख्न भनी भन्नुभयो। लाजरस परमेष्वरद्‌वारा सान्त्वना भए।



ती धनी मानिस पनि मरे अनि उनको सबै धन-सम्पति ले उनलाई बचाउन सकेनन्। जब मृत्यु आयो तब कसैले त्यसलाई रोक्न सकेनन्।



धनी मानिस गाड़िए अनि हुनसक्छ उनको दफनकार्य ठूलो भयो। चतूर अनि सफलता पाएको भनेर मानिसहरूले प्रषंसा गरे होलान्। तर त्यो प्रषंसाले उनलाई सहायता गरेनन् किनकि उ नर्कमा गए।



“आफ्नो औंलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई षीतल पारिदेओस्, किनकि म यस ज्वालामा कश्ट पाइरहेछु” भनी नर्कमा धनी मानिस रून थाले।



“आफ्नो जीवनकालमा तिम्रोमा सबै कुरा थियो अनि लाजरसको जीवनमा केही थिएन्” “रि अब लाजरस आराममा छ, अनि तिमी चाहिँ कश्टमा छौं। अनि तिमीकहाँ पारि जान अनि हामीहरू र तिमीहरू बीचमा ठूलो खाँद छ” भनी अब्राहामले धनी मानिसलाई सम्झना गराए।





“लाजरसलाई पठाइदिनुहोस् मेरो पाँच जना भाइहरूलाई चेताउनी दिनहोस्” भनी धनी मानिस बिन्ती गरे।



“तिनीहरूकोमा धर्मषास्त्र छ” भनी अब्राहाम जवाफ दिए। यदि ती पाँच भाइहरूले धर्मषास्त्र विष्वास गर्दैन भने तिनीहरूले लाजरसलाई मरेकाबाट फेरि उठ्यो भनी विष्वास गर्दैन्।



जब येषूले धनी मानिस अनि लाजरसको कथा समाप्त गर्नुभयो हुनसक्छ, धर्मगुरूहरूले आफैमा सोध्नथाले, ‘‘परमेष्वरलाई भन्दा बेसी म धनीलाई प्रेम गर्दैछु?’’ तिनीहरूले बुझ्न सके कि परमेष्वरको वचन ध्यानसंग सुनेन् भने के हुन्छ भनेर।



# धनी मानिस र लाजरस

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

लूका 16

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।"

भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्‌भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्‌ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्‌नो घरमा जानुभयो। यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ। अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौं भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर।

यूहन्ना ३:१६